नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सुर्खेत

☎०८३-५२०१२१
५२०१२२
फोन/फ्याक्स: ५२०१२३

पत्र संख्या :
चलानी नम्बर : ९९९४

मिति: २०७५।१०।२९
2075.10.25

बिषय: सूचना प्रकाशित गरिदिने बारे।

श्री भेरिगंगा नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय
सुर्खेत ।

प्रस्तुत बिषयमा राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडद्वारा प्रस्तावित ४००/१३२ के.भी. सबस्टेशन निर्माणका लागि आवश्यक जग्गा अधिग्रहण सम्बन्धी सूचना तहाँ कार्यालयको सूचना पाटी, सम्बन्धित वडा नं. ८ को कार्यालय र सम्बन्धित स्थानमा टाँस गरी यस कार्यालयलाई जानकारी गराईदिनु हुन अनुरोध छ। साथै सूचना यसै पत्र साथ पठाईएको छ।

भेरीगंगा न.पा. कार्यालय, सुर्खेत
दर्ता नं.:- 2204
मिति:- 2075/11/12

बिनिता भट्टराई
सहायक प्रमुख जिल्ला अधिकारी

बोधार्थ:

श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड , बुद्धनगर, काठमाण्डौ – सुचना प्रकाशन गर्दा लाग्ने खर्च भुक्तानि गरिदिनहुन।

Scanned by CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, सुर्खेत

# अधिग्रहण गरिने जग्गाहरुको मुआब्जा पाउने जग्गा धनिहरुको नामावली

## प्रथम पटक प्रकाशित मिति: २०७५-१०-२९

नेपाल सरकारको स्वामित्व भएको राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडद्वारा प्रस्तावित ४००/१३२ के.भी. सवस्टेशन निर्माणका लागि जिल्ला सुर्खेत, भेरिगंगा नगरपालिका वडा नं. ८, साबिकको मैनतडा गा.वि.स. वडा नं. ९ (कोटमाझखर्क वडा नं. ९ ज्ञ /१७) मा रहेका तपसिल बमोजिमका कित्ता नं. भएका जग्गाहरु अधिग्रहण गर्नुपर्ने भएकाले जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ बमोजिम मिति २०७५/६/११ मा सूचना प्रकाशित गरिएको र सोहि ऐनको दफा १३ बमोजिम गठन भएको मुआब्जा रकम निर्धारण समितिले मुआब्जाको रकम निर्धारण गरिसकेकोले मुआब्जा पाउन ठहरिएका व्यक्तिहरुको नामावली तयार पारि जग्गा प्राप्ति ऐन,२०३४ को दफा १८ को उपदफा (२), (३) र (४) को प्रयोजनार्थ सम्बन्धित सरोकारवाला व्यक्तिहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। साथै सम्बन्धित जग्गाधनिहरुले आफै वा अख्तियार प्राप्त वारेस मार्फत मुआब्जा बुझ्नका लागि आफ्नो निस्सा प्रमाण (जग्गाधनि पुर्जा, तिरो तिरेको रसिद, नागरिकताको प्रतिलिपी, स्थानीय तहको सिफारिस आदि) सहित रु १० ।- को टिकट टाँसी रितपुर्वकको निवेदन जिल्ला प्रशासन कार्यालय सुर्खेतमा दिनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

| क्र.सं | जग्गाधनिको नाम, थर | बाबुको नाम | बाजेको नाम | साबिक गा.बि स . | वडा नम्बर | नक्सा नम्बर | कित्ता नम्बर | क्षेत्रफल ( वर्ग मिटर) | अधिग्रहण गर्नु पर्ने क्षेत्रफल ( वर्ग मिटर ) | पुरा /आंशिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आईते कामी | ठुके | गोरे | कोटमाझखर्क | ९ | ९ ज्ञ /१७ | ५७ | ६,५४०.०९ | ५,०८१.०९ | आंशिक | |
| २ | आईते कामी | सहदे | गर्वे | कोटमाझखर्क | ९ | ९ ज्ञ /१७ | ६३ | ८,५९०.९५ | ६,४३१.९५ | आंशिक | |

**नोट:** माथि उल्लेखित बाहेकका कित्ता न. ४९,५०,५१,५२,५३,५४,५५,५६,५८,५९,६०,६१,६२,६४,६५,६६,८१,८२,र ८३ जगाहरु को नापी कार्यालयको फिल्ड बुकमा नाम रहेको तर जग्गा धनिपुर्जा कायम नरहेकोले उक्त जग्गाको पनि मुआब्जा/क्षतिपुर्ति रकम निर्धारण सम्बन्धी प्रकृया अगाडी बढिरहेको यसै सूचनाका साथ जानकारी गराईन्छ ।

Scanned by CamScanner